अनुसूची — २

( दफा ४ तथा अनुसूची -१ को भाग — २ संग सम्बन्धित )

बारबर्दिया नगरपालिकाद्वारा प्रकाशित

# बारबर्दिया राजपत्र

भाग - २

खण्डः- १० संख्याः- ०२ प्रमाणिकरण मितिः- २०८३/०५/२६

राजपत्रमा प्रकाशित मितिः- २०८३/०६/०२

## बारबर्दिया नगरपालिका युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि २०८३

**पृष्ठभूमीः-**

युवा शक्ति देशको राजनैतिक, आर्थिक र सामाजिक परिवर्तनको संवाहक हो । यो समुहलाई सक्रिय, उर्जावान र गतिशिल मानिन्छ । नेपाल कृषि प्रधान देश हो । यहाँका दुई तिहाई नागरिकहरु कृषि पेशामा संलग्न छन् तर युवाहरुमा यस पेशा प्रतिको आकर्षण आशा गरिए अनुसार हुन सकेको छैन । यसको उदाहरणका रुपमा हरेक दिन विदेश जाने युवाहरुको संख्या लाई लिन सकिन्छ । काम गर्न सक्ने सक्रिय, उर्जाशील, जोसिला युवाहरु दिनानुदिन विदेश जाने र नेपालका उत्पादन योग्य जमिन बाँझो हुने अवस्थाको अन्त्य नहुँदा सम्म हामी कृषि तथा पशु पालनको क्षेत्रमा आत्मनिर्भर हुन असम्भव छ । युवाहरुको ज्ञान, सीपको विकास गरि उनीहरुको धारणमा परिवर्तन ल्याउदै उद्यमशीलता, सीप विकास र रोजगारी सिर्जना गर्न

नगर प्रमुख

सकेमा विदेशिएका युवाहरुलाई फर्काउन र विदेश जाने सोंच बनाएका युवाहरु लाई रोक्न सकिन्छ । युवा परिचालन, सहभागिता र नेतृत्व विकास बिना कुनै पनि देशले विकासको अपेक्षित लक्ष्य हासिल गर्न सक्दैन । युवाहरुको सीप विकास, क्षमता विकास र अवसर प्रदानको माध्यमबाट समाज र देशको आर्थिक, सामाजिक र सांस्कृतिक रुपमान्तरण गर्न सकिन्छ । त्यसैले युवाहरुलाई कृषि तथा पशु उद्यम, सीप विकास, घरेलु उद्योग जस्ता क्षेत्रमा आकर्षण र उत्प्रेरित गरि स्वरोजगारको सिर्जना गर्दै समग्र राष्ट्र विकासको रणनीतिमा योगदान गर्नका लागि बारबर्दिया नगरपालिकाले वार्षिक स्वीकृत कार्यक्रमलाई प्रभावकारी तथा व्यवस्थित रुपमा संचालन गर्न स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार संचालन ऐनको दफा ११ उप दफा २ को खण्ड ण लाई कार्यन्वयन गर्न बारबर्दिया नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७४ को दफा ८ को उपदफा २ बमोजिम यो कार्यविधि तयार गरी लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक :

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम "युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि २०८३" रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः

क) "अनुदान" भन्नाले प्रोत्साहन स्वरुप व्यवसायको परिमाणको आधारमा प्रदान गरिने रकमलाई सम्झनु पर्दछ ।

ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु गर्दछ ।

ग) "कार्यक्रम" भन्नाले बारबर्दिया नगरपालिकाले आफै स्रोत वा अन्य सरकारी वा गैरसरकारी संस्था संग साझेदारी गरि सञ्चालन गर्ने कार्यक्रमलाई सम्झनु पर्दछ ।

नगर प्रमुख

CamScanner

घ) "कार्यविधि" भन्नाले युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि २०८३ लाई सम्झनु पर्दछ ।

ङ) "नगरपालिका" भन्नाले बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

च) "परियोजना संयोजक" भन्नाले बारबर्दिया कृषि तथा पशु विकासमा आधारित साना किसान तथा यूवा उद्यमशिलता साझेदारी परियोजना को परियोजना संयोजकलाई सम्झनु पर्दछ ।

छ) "युवा" भन्नाले १८ देखि ४५ वर्ष उमेर भएको व्यक्तिलाई सम्झनु पर्दछ ।

ज) "व्यवसाय" भन्नाले स्थानिय स्तरमा युवाले सञ्चालन गरेका बाखा, गाई, भैसी, लोकल कुखुरा, बंगुर, टर्कि, माछा पालन र तरकारी, फलफुल, खाद्यान्न बाली खेती लगायतका कृषि तथा पशुजन्य व्यवसाय लाई सम्झनु पर्दछ ।

झ) "व्यवस्थापन समिति" भन्नाले युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम संचालनका लागी अनुगमन तथा मुल्याङ्कन गर्ने समितिलाई सम्झनु पर्दछ ।

ञ) "साझेदारी" भन्नाले स्थानीय तह, गैरसरकारी संघ-संस्था, सामुदायिक संघ-संस्था, दातृ निकाय, सहकारी, निजी क्षेत्र, उपभोक्ता समिति आदि समेत सँग संयुक्त लगानीमा गरिने साझेदारी कार्यक्रम वा योजनालाई सम्झनु पर्दछ ।

३. उद्देश्यः यस कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछ

क) व्यवसायमा आधारित अनुदान मार्फत कृषि तथा पशुपालन व्यवसायमा युवाहरुको आकर्षण बढाई उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

ख) युवा उद्यमीहरुको मनोबल उच्च राखी कृषि तथा पशुपालन व्यवसायको क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने ।

ग) उपलब्ध भुमिको क्षेत्रफल तथा पशु वस्तुको संख्याको आधारमा उद्यम वर्गिकरण गरी उद्यमशिलता वृद्धि गर्ने ।

घ) कृषि तथा पशुवस्तु उपजमा नगरपालिकालाई आत्मनिर्भर बनाउने ।

नगर प्रमुख

## परिच्छेद २

## कार्यक्रमका क्षेत्र तथा उद्यमको वर्गिकरण

४. युवा उद्यमशिलता विकासका लागि अनुदान प्रदान गरिने वालि तथा पशु वस्तुहरु देहायअनुसार हुनेछन्

क) बाखा पालन

ख) गाई भैसि पालन

ग) कुखुरा पालन

घ) तरकारी खेती

ङ) बंगुर पालन

च) माछा पालन

ज) नगदे बाली खेती

झ) फलफुल खेती

ञ) खाद्यान्न बाली खेती

ज) मसला बाली खेती

झ) अन्य

ञ) नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रमको आधारमा नगरकार्यपालिकाले अनुदान कार्यक्रमका क्षेत्रहरु थपघट गर्न सक्नेछ ।

५. वालि तथा पशुवस्तु उत्पादन उद्यमहरुको वर्गिकरण देहायअनुसार हुनेछन्

क) लघु उद्यम

ख) साना उद्यम

ग) मझौला उद्यम

घ) ठुला उद्यम

नगर प्रमुख

नगर प्रमुख

ङ) उद्यम वर्गिकरण जग्गाको क्षेत्रफल र पशुवस्तुको संख्याको आधारमा निर्धारण गरिएको छ । जग्गाको क्षेत्रफल तथा पशुवस्तुको संख्या अनुसार विस्तृत वर्गिकरण अनुसूची ४ मा उल्लेख गरे बमोजिम हुनु पर्नेछ ।

च) उल्लेखित वर्गिकरण अनुसार नगरपालिकाले उद्यमको दर्ता गर्नेछ ।

## परिच्छेद ३

## कार्यक्रम संचालन प्रक्रिया तथा छनौटको मापदण्ड

**६. कार्यक्रम सञ्चालन प्रक्रियाः** कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछन्ः

क) युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रम कार्यपालिकाबाट स्वीकृत कार्यक्रम, नगरपालिकाको सम्बन्धित शाखाहरु मार्फत सञ्चालन हुनेछन् ।

ख) युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा सहभागि हुन इच्छुक युवाहरुलाई लक्षित गरि अनुसूची १ बमोजिमको ढाँचामा १५ दिने सूचना प्रकाशन गर्नु पर्नेछ ।

ग) प्रस्तावकहरुले अनुसूची २ बमोजिमको ढाँचामा निवेदन र सो अनुसारका कागजातहरु सहित अनुसूची ३ बमोजिमको ढाँचामा आवेदन फारम तयार गरी कार्यालयमा पेश गर्नु पर्नेछ ।

घ) पेश भई आएका आवेदनहरुलाई छनौट समिति वा कार्यदलले स्थलगत अनुगमन गरि आवेदनहरु मूल्यांकन गर्नु पर्नेछ ।

**७. छनौटको मापदण्डः** युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रमको आवेदन छनौटका मापदण्ड देहायबमोजिम हुनेछन्ः

क) अनुदान कार्यक्रमको लागि आवेदन पेश गर्ने युवाहरुले नागरिकताको प्रतिलिपि, फोटो, वडा कार्यालय वा विषयगत शाखाको सिफारिस आवेदन साथ पेश गरेको हुनु पर्नेछ ।

ख) अनुदान रकम उद्यमीहरुको उत्पादनको स्रोत जस्तैः बाख्राको माउ, गाई भैसि, जग्गाको क्षेत्रफल, उत्पादन, पोखरीको क्षेत्रफलको आधारमा प्रदान गर्नु पर्नेछ ।

घ) अनुदान प्राप्त गर्ने उद्यमीहरुले उत्पादन भएको वालि तथा पशुवस्तु सहकारी तथा समूह मार्फत साभुहिक वेचविखन गर्नु पर्नेछ ।

नगर प्रमुख

नगर प्रमुख

ङ) उत्पादन गर्ने बालि तथा पशुवस्तुको गुणस्तर न्यूनतम मापदण्ड भित्र परेको हुनु पर्नेछ ।

८. अनुदान रकम तथा सहयोगको मापदण्डः युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रमको अनुदान रकमको मापदण्ड देहायबमोजिम हुनेछन्ः

क) बाखा पालनः बाखा पालन गर्ने उद्यमीहरुलाई व्यवसाय सँग सम्वन्धित यान्त्रिकरण, सुधारिएको खोर निर्माण तथा सुधारका लागि माउ संख्याको आधारमा अनुदान प्रदान गरिने छ । कम्तिमा ८ माउ बाखा र खोर हुनु पर्नेछ ।

ख) गाई भैंसी पालनः गाई भैंसी पालन गर्ने उद्यमीहरुलाई व्यवसाय सँग सम्बन्धित यान्त्रिकरण, गोठ निर्माण तथा सुधारका लागि माउ गाई भैंसी संख्या ३ वटा र गोठ हुनु पर्नेछ ।

ग) कुखुरा पालनः लोकल कुखुरा पालन गर्ने उद्यमीहरुलाई खोर सुधार कुखुरा पालनसँग सम्बन्धित सामाग्रीका लागि कम्तिमा १५० लोकल कुखुरा र ५०० क्षमताको खोर हुनुपर्नेछ र ब्रोइलरको हकमा ३०० भन्दा बढि कुखुरा पालेको र ५०० क्षमताको खोर हुनुपर्नेछ ।

घ) वंगुर पालनः वंगुर पालन गर्ने उद्यमीहरुले व्यवसाय सँग सम्बन्धित यान्त्रिकरण, खोर निर्माण तथा सुधारका लागि ४ वटा माउ बंगुर भएको र ६ कोठाको व्यवस्थित खोर भएको हुनुपर्नेछ ।

ङ) तरकारी खेतीः तरकारी खेती गर्ने उद्यमीहरुले ५ कट्ठा क्षेत्रफलमा व्यवसायिक तरकारी खेती नियमित गरेको हुनुपर्नेछ ।

च) फलफुल खेतीः फलफुल खेती गर्ने उद्यमीहरुले ५ कट्ठा क्षेत्रफलमा व्यवसायिक फलफुल खेती नियमित गरेको हुनुपर्नेछ ।

छ) मसला बाली खेतीः मसला बाली खेती गर्ने उद्यमीहरुले ५ कट्ठा क्षेत्रफलमा व्यवसायिक मसला बाली (लसुन,प्याज,बेसार) खेती नियमित गरेको हुनुपर्नेछ ।

ज) माछा पालनः माछा पालन गर्ने उद्यमीहरुलाई तलाउ निर्माण तथा मर्मत संभार, माछाको भुरा र दाना खरिदका लागि लागि तलाउको क्षेत्रफलको आधारमा प्रति कट्ठा रु. १०००० का दरले अनुदान प्रदान गरिने छ । माछा पोखरी कम्तीमा ३ कट्ठा क्षेत्रफलको हुनुपर्नेछ ।

झ) यहाँ उल्लेख नभएका अन्य रैथाने तथा नगदेबालीको हकमा संभावनाको आधारमा कार्यक्रम अनुगमन तथा व्यवस्थापन समितिले निर्धारण गर्नेछ ।

नगर प्रमुख

CS CamScanner

ञ) प्रति युवा उद्यमी अनुदान रकम अधिकतम रु. ३००००। सम्म प्रदान गरिने छ । थप व्यवसाय विस्तारका लागि व्यवसायिक योजना अनुसार उद्यमीले कम्तीमा रु. ३००००। साझेदारी गर्नुपर्नेछ ।

ट) उल्लेखित अनुदान रकमको दररेट युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रमको वार्षिक स्वीकृत बजेटको आधारमा सोही वर्षका लागि के कति प्रदान गर्ने भन्ने नगरकार्यपालिकाको निर्णय बमोजिम गर्नु पर्नेछ ।

## परिच्छेद ४

## कार्यक्रम संचालन, व्यवस्थापन तथा अनुगमन

९. युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रम संचालन, व्यवस्थापन, अनुगमन र सहजीकरणका लागि देहायबमोजिमको कार्यक्रम अनुगमन तथा समन्वय समिति रहनेछः

क) नगर प्रमुख - संयोजक

ख) नगर उप-प्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) योजना शाखा प्रमुख - सदस्य

ङ) आर्थिक विकास शाखा प्रमुख - सदस्य

च) कृषि विकास शाखा प्रमुख - सदस्य

छ) पशु सेवा शाखा प्रमुख - सदस्य सचिव

१०. कार्यक्रम अनुमगन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्:

क) अनुदान कार्यक्रम संचालनको विधि र रुपरेखा निर्धारण गर्ने ।

ग) अनुदान कार्यक्रमको अनुगमन, मूल्यांकन र नियमित समीक्षा गर्ने ।

ग) कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने ।

नगर प्रमुख

CamScanner

घ) युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रम संचालन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने ।

११. युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रमको लागि पेश गरिएका आवेदनहरुको मूल्यांकन गरी छनौटको लागि सिफारिस गर्न देहाय बमोजिमको अनुदान कार्यक्रम आवेदन छनौट समिति गठन गरिनेछः

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) कृषि विकास शाखा प्रमुख - सदस्य

ग) पशु सेवा शाखा प्रमुख - सदस्य सचिव

१२. युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रम नगरपालिकाको साझेदारीमा अन्य संस्थाले कार्यान्वयन गर्ने हकमा कार्यान्वयन गर्ने संस्थाले छनौट समिति गठन गर्नेछ ।

१३. प्रस्तावना छनौट समितिको काम कर्तव्य र अधिकारः प्रस्तावना छनौट समितिले नगरपालिकाको निर्धारित मापदण्डको आधारमा प्रस्तावना छनौट गर्नेछ ।

## परिच्छेद ५

## सम्झौता, भुक्तानी, प्रतिवेदन, अनुगमन तथा मूल्यांकन

१४. सम्झौताः युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रमको सम्झौता आवेदन छनौट समितिको सिफारिसमा अनुसूची ५ बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

१५. भुक्तानीः युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रमको सम्झौता भए पश्चात् अनुदान ग्राहीहरुलाई सम्झौता बमोजिमको रकम एकमुष्ठ ए.सि. पेयि चेक मार्फत भुक्तानी गर्नु पर्नेछ ।

१६. प्रतिवेदनः युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रमको प्रगति प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा कार्य सम्पन्न भए पश्चात पेश गर्नुपर्नेछ ।

१७. अनुगमन तथा मूल्यांकनः युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रमको अनुगमन तथा मूल्यांकन आवश्यकता अनुसार नगरपालिका अन्तरगतका वडा कार्यालय र कार्यक्रम अनुगमन तथा समन्वय समिति मार्फत गरिने छ ।

नगर प्रमुख

## परिच्छेद ६

### विविध

१८. लेखा तथा लेखापरीक्षण: ( १ ) कार्यक्रमको लेखा सम्बन्धित कार्यालयले राख्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको लेखाको आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित कार्यालयको हुनेछ ।

१९. समन्वय: युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रमको व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि सरोकार वाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र स्थानीय सरकारका निकायहरु बीच कार्यक्रम अनुगमन तथा समन्वय समितिले समन्वय गर्न सक्नेछ ।

२०.पारदर्शिता: युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रमको लाभग्राहीहरुको विवरण र अनुदान रकम कार्यक्रम सम्पन्न भए पश्चात सार्वजनिक गर्नु पर्नेछ । कार्यक्रम छनौट, अनुगमन तथा मूल्यांकन र कार्यान्वयन गर्दा जनसहभागिता मूलक विधिको अवलम्वन गर्नु पर्नेछ ।

२१. संशोधन तथा हेरफेर: यस कार्यविधिको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन कार्यालयले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

२२. बाधा अडकाउ फुकाउन र व्याख्यागर्न सक्ने: नगरकार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

२३. प्रचलित कानुन लागु हुने: युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ । यस सन्दर्भमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा नगरपालिकाको व्याख्या अन्तिम हुनेछ ।

२४. विविध: युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रमको कार्यान्वयन नगरपालिकाले आफै स्वयं कार्यान्वयन गर्ने हकमा बारबर्दिया नगरपालिकाको युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि २०८३ बमोजिम र अन्य निकाय सँगको साझेदारीमा साझेदार निकायले कार्यान्वयन गर्ने हकमा यस कार्यविधिको अधिनमा रहि निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

नगर प्रमुख

अनुसूची १

(दफा ६ को खण्ड (ख) सँग सम्बन्धित)

बारबर्दिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, जयनगर, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

युवा लक्षित कार्यक्रमका लागि आवेदन माग सम्वन्धी सुचना !!

प्रथम पटक प्रकाशित मिति ....................

बारबर्दिया नगरपालिका जयनगर, बर्दियाको आ.व.२०८.../.... को बार्षिक स्वीकृत कार्यक्रम कृषिको समावेशी रुपान्तरणका लागि किसानसँग मेयर फलोअप कार्यक्रम अन्तरगत युवा उद्यमीहरुका लागि व्यवसायमा अनुदान कार्यक्रमलागि कृषि तथा पशुपंक्षीसंग सम्बन्धित व्यवसाय गरिरहेका वा गर्ने योजना बनाएका बारबर्दिया नगरपालिकाका युवाहरूबाट प्रथम पटक प्रकाशित सुचनाको मितिले १५ दिन भित्र आवेदनका लागि यो सुचना प्रकाशित गरिएको छ ।

आवेदन पेश गर्नका लागि पूरा गर्नुपर्ने न्युनतम मापदण्डहरू:

- कृषि तथा पशुपंक्षीसंग सम्बन्धित व्यवसाय गरिरहेका वा गर्ने योजनामा रहेका १८-४५ वर्ष उमेर समुहका युवाहरू (महिला, पुरुष वा अन्य)
- बारबर्दिया नगरपालिका भित्र स्थाई बसोबास भएका नेपाली नागरिक,
- मुख्य पेशाको रुपमा कृषि र पशुपंक्षीपालन सम्बन्धी व्यवसाय गरि राखेका वा सो सम्बन्धी व्यवसाय गर्न योजना बनाएका,
- समुहमा आवद्ध भई काम गर्न इच्छुक भएका,
- नवीनतम् कृषि वस्तु उत्पादन सम्बन्धी व्यवसाय, वैदेशिक रोजगारीबाट फर्केर कृषि तथा पशुपंक्षीसंग सम्बन्धित व्यवसाय गरिरहेकालाई विशेष प्राथमिकता दिइने छ ।
- उल्लेखित विवरण पूरा गरेका युवा व्यवसायीहरूलाई आवेदन पेश गर्न अनुरोध गरिन्छ ।
- आवेदन दिएका मध्ये उपयुक्त र न्यूनतम मापदण्ड पूरा गरेकालाई प्रारम्भिक छलफलका लागि सम्पर्क गरिनेछ. ।

आवेदन पेश गर्ने अन्तिम मिति:

आवेदन पेश गर्ने स्थान: बारबर्दिया नगरपालिकांको कार्यालय,पशुसेवा शाखा र कृषि विकास शाखा, जयनगर बर्दिया

नगर प्रमुख

आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू:

१ निवेदन

२ आवेदन फारम

३ नागरिकताको प्रतिलिपी

४ फोटो

५ सम्बन्धित वडा कार्यालयको सिफारिस

नोट : मापदण्ड पुरा भई छनौटमा परेका उम्मेदवारलाई मात्र कार्यक्रममा समावेश गरिनेछ ।

नगर प्रमुख

अनुसूची २

(दफा ६ को खण्ड (ग) सँग सम्बन्धित)

बारबर्दिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, जयनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

युवा उद्यमशिलता अनुदान कार्यक्रममा सहभागि हुन इच्छुक युवाहरुका लागि आवेदन पत्रको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु

बारबर्दिया नगरपालिकाको कार्यालय,बर्दिया

विषयः युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मिति..............................मा प्रकाशित सुचना अनुसार म ................................ले कृषिको समावेशी रुपान्तरणका लागि किसानसँग मेयर फलोअप कार्यक्रम अन्तरगत युवा उद्यमशिलता विकास अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकोले सो प्रयोजनका लागी तपशिलमा उल्लेखित अनुसारको कागजात संलग्न गरी निवेदन पेश गरेका छौं ।

तपसिल

१. नेपाली नागरिकताको प्रमाण पत्र प्रतिलिपी

२. आवेदन फारम

३. पासपोर्ट साइजको फोटो

४. वडा कार्यालयको सिफारिस

निवेदक

नगर प्रमुख

अनुसूची ३

(दफा ६ को खण्ड (ग) सँग सम्बन्धित)

बारबर्दिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, जयनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

## आवेदन फारमको ढाँचा

कृषिको समावेशी रुपान्तरणका लागि किसानसँग मेयर फलोअप कार्यक्रम अन्तरगत युवा उद्यमीहरुका लागि अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक युवाहरुको लागि आवेदन फारमको ढाँचा बारबर्दिया नगरपालिकामा सञ्चालित युवा उधमी अनुदान कार्यक्रममा सहभागिताका लागि आवेदन फारम २०८३

| | | | |
|---|---|---|---|
| आवेदकको नाम | | | |
| स्थायी ठेगाना | | | |
| गाउँ/टोल | | | |
| जन्म मिति | | | |
| नागरिकता नं. र जारी गर्ने जिल्ला | | | |
| मूख्य पेशा | | | |
| परिवार संख्या: | महिला: | पुरुष: | बालबालिका: |
| मूख्य पेशा | | | |
| बैदेशिक रोजगारबाट फर्केको भए सोको विवरण | कुन देशबाट कति समय सम्म के काम गरेर फर्कनु भएको हो ? खुलाउने | | |
| फोन नं | | | |

हाल गरिरहेको कामको बिवरण:

| विवरण मूख्य बाली, वस्तु, पंक्षी | क्षेत्रफल | सरदर वार्षिक उत्पादन |
|---|---|---|
| कृषि | | |
| | | |

नगर प्रमुख

| | | |
|---|---|---|
| पशु | | |
| | | |
| पंक्षी | | |
| | | |
| अन्य | | |
| | | |

कृषि तथा पशुपंक्षी उत्पादनको प्रसोधन तथा बजारीकरण संग सम्बन्धित लघुउद्यम भए त्यसका बिवरणः

..................................................................................................................................................

..........................................................................................................

भावी योजना र प्रतिवद्धता

| क.सं. | कृयाकलाप (के गर्ने) | संख्या, क्षमता (कति गर्ने) | वार्षिक उत्पादन लक्ष्य | उद्यम सञ्चालनका लागि परियोजनाबाट अपेक्षा गर्नु भएको न्यूनतम सहयोग |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आवेदन पेश गर्ने

हस्ताक्षरः..............................................

नामः..................................................

ठेगानाः...............................................

सम्पर्क नं...............................................

## अनुसूची ४

(दफा ५ को खण्ड (ङ) सँग सम्बन्धित)

बारबर्दिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, जयनगर, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

### कृषि तथा पशुवस्तुमा आधारित लघु, साना, मझौला र ठुला उद्यम वर्गिकरणको विस्तृत विवरण

| क्र.सं. | बालि तथा पशुवस्तु | लघु उद्यम | साना उद्यम | मझौला उद्यम | ठुला उद्यम |
|---|---|---|---|---|---|
| १ | बाखा पालन | ८ माउ सम्म | ९ देखि २० माउ सम्म | २१ देखि ५० माउ सम्म | ५१ माउ भन्दा बढी |
| २ | गाई भैसि पालन | ३ वटा दुधालु गाई भैसि सम्म | ४ देखि ५ दुधालु गाई भैसि सम्म | ६ देखि १० दुधालु गाई भैसि सम्म | ११ भन्दा बढी दुधालु गाई भैसि |
| ३ | बंगुर पालन | ३ माउ सम्म | ४ देखि ५ माउ सम्म | ६ देखि १० माउ सम्म | ११ माउ भन्दा बढी |
| ४ | लोकल कुखुरा पालन | १५० माउ सम्म | १५१ देखि ३०० माउ सम्म | ३०१ देखि ५०० माउ सम्म | ५०० माउ भन्दा बढी |
| ५ | तरकारी खेती | ३ कठ्ठा सम्म | ४ देखि ५ कठ्ठा सम्म | ६ देखि ८ कठ्ठा सम्म | ८ कठ्ठा भन्दा बढी |
| ६ | माछा पालन | ३ कठ्ठा सम्म | ४ देखि ५ कठ्ठा सम्म | ६ देखि ८ कठ्ठा सम्म | ८ कठ्ठा भन्दा बढी |

नगर प्रमुख

बारबर्दिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

अनुसूची ५

(दफा १४ सँग सम्बन्धित)

बारबर्दिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, जयनगर, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

## युवा उद्यमीहरुका लागि अनुदान कार्यक्रम मा सहभागि हुन इच्छुक युवा बीचको सम्झौता पत्रको ढाँचा

बारबर्दिया नगरपालिकाको कृषिको समावेशी रुपान्तरणका लागि किसानसँग मेयर फलोअप कार्यक्रम अन्तरगत युवा उद्यमीहरुलाई सहयोग प्रदान गरिने व्यवसाय प्रवर्द्धन रकम बारबर्दिया नगरपालिका वडा नं. ...... का वर्ष ..... का युवा श्री ............................... लाई ......................................... व्यवसायको शुरुवात गर्न तपशिलको सर्तहरु पालना गर्न सहमति भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक एक प्रतिलियौं दियौं ।

सम्झौताका शर्तहरु:

१. कार्यालय मार्फत युवा उद्यमी सदस्यलाई ......................... व्यवसाय प्रवर्द्धन गर्नका लागि रु ............(अक्षरुपी:..........................मात्र) प्रदान गर्नु पर्नेछ ।

२. कार्यालयका सम्बन्धित शाखाले युवा उद्यमी सदस्यलाई व्यवसाय विकासको लागि आवश्यक प्राविधिक सहयोग प्रदान गर्नु पर्नेछ ।

३. कार्यालयले उद्यमी सदस्यलाई आवश्यकता र माग अनुसार तालिमहरु (आधारशिला, उद्यमशिलता बिकास, व्यवसायिक) प्रदान गर्नु पर्नेछ । व्यवसायिक योजना निर्माणमा सहजीकरण गर्नु पर्नेछ ।

४. कार्यालयले युवा उद्यमीलाई व्यवसाय विस्तार गर्नका लागि थप व्यवसायिक कार्यक्रम गर्नका लागि सरोकारवाला निकायहरु सँग सहजीकरण गर्नेछ ।

५. युवा उद्यमी सदस्यले सहयोग रकम प्राप्त गरेको ३० दिन भित्रमा योजना गरे अनुसारको व्यवसाय शुरुवात गरि सक्नु पर्नेछ । उद्यमीले सञ्चालन गर्ने व्यवसायको मापदण्ड यसै सम्झौता साथ संलग्न गरिएको छ ।

६. कार्यालयका कर्मचारी तथा वडा कार्यालय बाट अनुगमन गर्दा व्यवसाय शुरुवात नगरिएको वा मापदण्ड पुरा नभएको पाइएमा सहयोग प्राप्त रकम तुरुन्त फिर्ता गर्नु पर्नेछ ।

७. युवा उद्यमी समुहमा आवद्ध हुनु पर्नेछ । आफ्नो उत्पादन समुह वा सहकारी मार्फत सामुहिक बजारीकरण गर्नु पर्नेछ ।

८. वडा कार्यालयले युवा उद्यमीहरुको व्यवसाय प्रवर्द्धनका लागि अभिभावकिय भूमिका निर्वाह गर्नु पर्नेछ ।

नगर कार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

CamScanner

नगर प्रमुख

९. वडा कार्यालयले मापदण्ड अनुसारको व्यवसाय सञ्चालनको सुनिश्चितता गर्न नियमित रुपमा अनुगमन गरी आवश्यक सल्लाह सुझाव प्रदान गर्नु पर्नेछ ।

माथी उल्लेखित सबै शर्तहरु हामी सबैले स्वतन्त्र रुपमा अध्ययन गरी तोकिएको जिम्मेवारी पालना गर्ने प्रतिवद्धता सहित सही सलांमत अवस्थामा आपसी समझदारीका साथ यो समझदारी पत्रमा हस्ताक्षर गरेका छौं ।

| वडा कार्यालयको तर्फबाट | युवा उद्यमीको तर्फबाट | कार्यालयको तर्फबाट |
|---|---|---|
| ................... | ........................... | ......................... |
| नाम : | नाम : | नाम :.......... |
| पद : | समुह : | पद : |
| बारबर्दिया नगरपालिका, | बारबर्दिया नगरपालिका वडा नं...., | |
| वडा नं. .....को कार्यालय | | |

साक्षिहरु

| | | |
|---|---|---|
| ................... | ..................... | ...................... |
| नामः | नामः.......... | नामः......... |
| पद : | पद : | पदः |
| | | समुहः |

इति संवत २०८... साल..................महिना .......... गते रोज ............ शुभम् ।

नगर प्रमुख

अनुसूची ६

(दफा १५ को सँग सम्बन्धित)

बारबर्दिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, जयनगर, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

युवा उद्यमीहरुका लागि अनुदान कार्यक्रममा सहभागी युवा उद्यमीको प्रगति प्रतिवेदनको ढाँचा

१. परिचयात्मक विवरण

| | |
|---|---|
| उद्यमीको नामः | |
| ठेगानाः | |
| फोन नं. | |
| नागरिकता नं. | |
| पान नं. | |

२. व्यवसायको नामः

३. कार्यक्रमबाट लाभान्वित परिवार संख्याः महिलाः पुरुषः

४. कार्यान्वयन विधिः

५. क्रियाकलापः

६. कार्यक्रम सञ्चालन गर्दाको खर्च विवरण

| क्र.सं. | क्रियाकलाप | परिमारण | दर | जम्मा खर्च रकम | नगरपालिका सहयोग | स्वयं लगानी |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| जम्मा रकम | | | | | | |

नगर प्रमुख

बारबर्दिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

आज्ञाले:-

गौतम भण्डारी

प्रमुख प्रशासकीय अधिकृत